मिति २०७७/३/२२ गतेको नगरकार्यापालिका बैठकका प्रस्तावहरू

१. यस नगरपालिकाको भाडामा रहेको एक्साभेटर किस्ता हेरफेर सम्बन्धमा ।

२. जाँचपाँस तथा फरफारक भएका योजना अनुमोदन सम्बन्धमा ।

३. उपभोक्ता समितिसँगको सम्झौताको म्याद थप सम्बन्धमा ।

४. आइसोलेसनमा रहने विरामीहरुको खाना खर्च सम्बन्धमा ।

५. नगर शिक्षा शाखामा कार्यरत श्रोत व्यक्ति परिचालन सम्बन्धमा ।

६. विद्यालय व्यवस्थापन समितिको म्याद थप सम्बन्धमा ।

७. सिद्धारा विद्युत उद्घाटनमा भएको खर्च सम्बन्धमा ।

८. नगर वास योजना प्रस्तुतिकरण सम्बन्धमा ।

९. सिद्धारा स्वास्थ्य चौकी तथा हर्रे सामुदायिक स्वास्थ्य केन्द्र रकम थप सम्बन्धमा ।

१०. वडा नं. १३ मा जडान भएको नेटको खर्च सम्बन्धमा ।

**निर्णयहरु :**

निर्णय नं. १

यस नगरपालिकाको भाडामा रहेको एक्साभेटर किस्ता हेरफेर सम्बन्धमा ।

यस शितगंगा नगरपालिकाको लागि कपिलवस्तु जिससबाट हस्तान्तरण भई आएको ब्रेकर सहितको एक्साभेटर मेशिन २०७७ फाल्गुन मसान्त सम्म भाडामा उपलब्ध गराउने गरी खेम कन्स्ट्रक्सन प्रा.लि.सैनामैना ११ रुपन्देही र कार्यालय विच मिति २०७६ साल जेष्ठ २ गते सम्झौता भएकोमा सम्झौता हुँदा विभिन्न मितिमा किस्ता रकम बुझाउने गरी अर्थात मिति २०७६/१२/०१ सम्म सम्झौता रकम रु २०१००००।- मध्ये तोकिएको किस्ता अनुसारको रकम बुझाई रु ६०००००।- को बैंक जमानत पेश भएमा किस्ता बुझाउने अन्तिम मिति २०७७/८/१ सम्म सवै रकम चुक्ता गर्ने गरी सम्झौता भएकोमा सम्झौता बमोजिमको रकममा ५१००००।- मात्र बुझाई बाँकी किस्ता सम्झौता बमोजिम नबुझाएकोले पटक पटक पत्र लेख्दा समेत किस्ता बुझाउने कार्य नभएकोहुँदा उक्त प्रा.लि.ले सम्झौता गर्दा पेश गरेको बैंक जमानतबाट असुल उपर गर्न बैकलाई पत्राचार गरी सो को कारवाही प्रकृया चलिरहेको अवस्थामा मिति २०७७/३/२१ गते उक्त प्रा.लि.को तर्फबाट कोभिड १९ लगायतका विभिन्न समस्या देखाई रु ६०००००।- बुझाउने र बाँकी रु ९०००००।- को बैक जमानत पेश गर्ने गरी सम्झौतामा किस्ता बुझाउने समय हेरफेर गरी दिन र कोभिडको समस्या समेतका कारण मेशिन चल्न नसकेकोले ३ महिना म्याद थप समेत माग गरेको अवस्थामा मेशिन विग्रीएका, कोभिडका कारण कार्य गर्न नपाएको जस्ता कारणले रु ६०००००।- बुझाई बाँकी रहने रु ९०००००।- को २०७८ आषाढ मसान्त सम्मको बैंक जमानत पेश गर्न लगाउने र किस्ता बुझाउने मिति २०७७ साल असोज मसान्त, मंसीर मसान्त र माघ मसान्त कायम गरी दिने । साथै निवेदनमा उल्लेखित केही कारणहरु मनासिव देखिएकोले मेशिन फिर्ता गर्ने समय थप २ महिना अर्थात



प्रमुख प्रशासकीय अधिकृत

२०७८ बैशाख मसान्त सम्म सम्झौताको अवधि समेत बढाउने गरी सम्झौतामा हेरफेर गर्न [illegible] लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

जाँचपाँस तथा फरफारक भएका योजना अनुमोदन सम्बन्धमा ।

नगरपालिकाबाट रकम विनियोजन भई कार्य गरेका योजनाहरु सम्पन्न भई भुक्तानीको लागि पेश भएपश्चात जाँचपाँस तथा फरफारक गर्नको लागि नगरसभाबाट जाँचपाँस तथा फरफारक समिति गठन भएकोमा सो समितिको विभिन्न बैठकबाट जाँचपाँस तथा फरफारक भएका योजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

उपभोक्ता समितिसँगको सम्झौताको म्याद थप सम्बन्धमा ।

चालु आ.व.मा कार्यान्वयन हुने गरी उपभोक्ता समिति र कार्यालय विच भएको सम्झौता बमोजिम कार्य गर्ने सन्दर्भमा विभिन्न कारणले सम्झौतामा तोकिएको मिति भित्र योजनाहरुको कार्य सम्पन्न नभई उपभोक्ता समितिबाट म्याद थप माग भएको आधारमा कार्यालयबाट म्याद थप गरी योजनाको फरफारक गरिरहेकोले उक्त म्याद थपलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

आइसोलेसनमा रहने विरामीहरुको खाना खर्च सम्बन्धमा ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस देखिएका विरामीहरुलाई यस नगरपालिकाका विभिन्न स्थानमा तयार गरिएको आइसीलेसन कक्षमा राखी उपचार गराउने कममा निजहरुको उपचार अवधि भर प्रति विरामी रु २५० का दरले खाना खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

नगर शिक्षा शाखामा कार्यरत श्रोत व्यक्ति परिचालन सम्बन्धमा ।

यस नगरपालिकाको शिक्षा शाखामा कार्यरत श्रोत व्यक्तिहरुलाई मिति २०७७ श्रावण १ गते देखि ६ महिना सम्म क्षेत्र तोकी विद्यालयहरुको अनुगमन कार्यमा खटाउने र सो को प्रभाव कारीतालाई हेरी थप निर्णय लिने निर्णय गरियो ।

**निर्णय नं. ६**

विद्यालय व्यवस्थापन समितिको म्याद थप सम्बन्धमा ।

यस शितगंगा नगरपालिका भित्रका सवै विद्यालयहरुमा हाल सम्म रहेका विद्यालय व्यवस्थापन समिति मध्ये म्याद समाप्त भएका विद्यालय व्यास्थापन समितिहरुको सन्दर्भमा हाल विश्वव्यापी महामारीका रुपमा फैलिरहेको कोभिड १९ का कारण व्यावस्थापन समिति तत्काल पुर्नर गठन हुन नसक्ने अवस्था भएकोले



प्रमुख प्रशासकीय अधिकृत

बढीमा २०७७ साल पौष मसान्त सम्मको लागि म्याद समाप्त भएका विद्यालय व्यवस्थापन समितिहरुको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

सिद्धारा विद्युत उद्घाटनमा भएको खर्च सम्बन्धमा ।

यस नगरपालिकाको सिद्धारा क्षेत्रमा विद्युत सेवा नपुगेको अवस्थामा सो क्षेत्रमा चालु आ.व.मा विद्युत सेवा पुगेको र विद्युत सेवा सुचारु गर्दा विद्युत उद्घाटन कार्यक्रममा भएको खर्च मध्ये रु ५००००।- सम्म खर्चका विल भरपाईका आधारमा कन्टिन्जेन्सी रकम बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

नगर वास योजना प्रस्तुतिकरण सम्बन्धमा ।

प्रदेश सरकार र यस नगरपालिकाको सहयोगमा निर्माण हुन लागेको नगर वास योजना आजको बैठकमा प्रस्तुतिकरण भयो । केही सुधारको लागि सुझाव दिईएकोले सुझावलाई समेटेर रिपोट तयार गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

सिद्धारा स्वास्थ्य चौकी तथा हर्रे सामुदायिक स्वास्थ्य केन्द्र रकम थप सम्बन्धमा ।

चालु आ.व.मा सिद्धारा स्वास्थ्य चौकी तथा हर्रे सामुदायिक स्वास्थ्य केन्द्र को लागि वडा नं. १० बाट रु ३ लाख विनियोजन भएकोमा उक्त रकमबाट कार्य गर्ने क्रममा शौचालयमा टायल लगाउने कार्यको लागि रकम अपुग भएकोले रु ५००००।- थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस नगरपालिकाको १३ नं. वडा कार्यालयमा नेट जडान गर्दा भएको खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

पर्यटन गुरुयोजना सम्बन्धमा ।

यस शितगंगा नगरपालिकाको पर्यटन गुरुयोजना निमार्ण गर्न अक्टोगन प्रा.लि.कमलादी काठमाण्डौ र यस कार्यालय विच मिति २०७६/३/५ मा सम्झौता भएबमोजिम कार्य भई मिति २०७७/३/३ गतेको कार्यपालिका बैठकमा प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण भई प्रस्तुतिकरणको क्रममा प्राप्त राय सुझावलाई समावेश गरी अन्तिम प्रतिवेदन १० दिन भित्र पेश गर्न लगाउने निर्णय भएबमोजिम सुझाव समेत समावेश गरी अन्तिम प्रतिवेदन २०७७/३/१४ मा पेश गरेकोले उक्त प्रतिवेदनलाई नगरपालिकाले ग्रहण गरी सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने र नगरपालिकाले पर्यटन तर्फका योजनाहरु निर्माण गर्दा सो गुरुयोजनालाई आधारमानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

वर्षाले विगारेका योजनाहरु मर्मत गर्दा भएको कार्यको खर्च रकम भुक्तानी सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

हालैका अविरल वर्षले यस नगर क्षेत्र भित्रका विभिन्न खानेपानी योजना, सिंचाई योजना, तथा मुख्य सडकहरु अवरुद्ध भई तत्काल प्राविधिक लागत अनुमान बमोजिम कार्य गरी सुचारु गरिएको र सो कार्य गर्दा भएको खर्च मध्ये निम्न बमोजिमको रकम जुनसुकै शिर्षकमा रहेको रकमबाट भएपनि भुक्तानी गर्ने निर्णय गरियो ।

(क) दमैढुङ्गा सिंचाई योजना शिनपा ४ रु २५०००।-

(ख) दुन्दुरे खानेपानी योजना शिनपा ५ रु २००००।-

**निर्णय नं. १३**

सर्पदंस केन्द्र कपिलवस्तु: सहयोग सम्बन्धमा ।

पाचौ नगर सभाबाट सर्पदंस केन्द्र कपिलवस्तुलाई सहयोग भनि रु १ लाख वजेट विनियोजन गरेकोमा उक्त विनियोजित रकम अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४**

डुंगा खरिद सम्बन्धमा ।

यस शितगंगा नगरपालिकाले आ.व.२०७५/०७६ मा डुंगा गरिद भनि रु ५ लाख वजेट विनियोजन गरेकोमा सो आ.व.मा खरिद हुन नसकी पुन: आ.व.२०७६/०७७ मा रु ५ लाख वजेट विनियोजन भएकोमा सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम डुंगा खरिदको प्रकृया अगाडी बढाउने क्रममा नगरपालिकाले डुंगाको दररेट निर्धारण नगरेको अवस्थामा कार्यालयमा सूचिकृत ३ वटा डुंगा सप्लाई गर्ने फर्मसँग दररेट माग गरी सो का आधारमा ५ लाखमा डुंगा खरिद गर्ने सम्झौता भएबमोजिम डुंगा आई कार्यालयमा दाखिला नगरी जानकारी विनै दहमा राखेको र रकम भुक्तानी माग गरेको अवस्थामा प्राप्त डुंगाको गुणस्तर, अवस्था, बजार मुल्य समेत अध्ययन गरी प्रतिवेदन पेश गर्न मिति २०७७/३/१४ मा समिति गठन भएकोमा समितिले अध्ययन गरी समितिको प्रतिवेदनका आधारमा डुंगा गुणस्तरीय, चालु अवस्थाको र मितव्ययी प्राप्त हुन नआएकोले सोही अवस्थामा स्वीकान नसकिने भएकोले मर्मत गरी सुचारु हुने अवस्थामा ल्याएमा रु २,४४,७००।- भुक्तानी दिने र सो गर्न नमानेमा डुंगा स्वीकार्न नसकिने व्यहोरा आपूर्ति कर्तालाई जानकारी गराउने भनि कार्यालयबाट पेश हुन आएकोमा सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयमा सूचिकृत सप्लायर्सहरुसँग दररेट माग गरी प्रकृयागत रुपमा सम्झौता भएता पनि सम्झौता अवधि भित्र सम्झौता बमोजिमको गुणस्तरीय डुंगा उपलब्ध नगराई भुक्तानी माग गरेकोलें अध्ययन समिति गठन भई समितिले पेश गरेको प्रतिवेदनका आधारमा उक्त बमोजिम चालु अवस्थामा ल्याएमा रु २,४४,७००।- भुक्तानी दिने यदी रकम नलगेमा डुंगा फिर्ता लैजान आपूर्ति कर्तालाई पत्राचार गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. १५

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धमा ।



प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालयले मिति २०७७ साल आषाढ ३ गते प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ मा विभिन्न सेवा सुविधा तोकेकोले तोकिएबमोजिमका सेवा सुविधा वापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७७/३/३० गतेको नगरकार्यापालिका बैठकका प्रस्तावहरू**

१. शितगंगा नगरपालिकाको आ.व. २०७७७८ को दररेट सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

१. शितगंगा नगरपालिकाको आ.व. २०७७७८ को दररेट सम्बन्धमा ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ मा प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्ने व्यवस्था गरेबमोजिम जिल्ला दररेट निर्धारण समितिले तय गरेको जिल्ला दररेटलाई नै यस शितगंगा नगरपालिकाको आर्थिक वर्ष २०७७७८ को निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत